मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ७१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ १३ गते मंगलबार (Tuesday, 27 January. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## अजरबैजान पठाइदिन्छु भनी ठगी

**काठमाडौं, माघ १२।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी अजरबैजान पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा एक जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-३१ बस्ने भोजपुर हतुवागढी गाउँपालिका-९ घर भएका ५९ वर्षीय महेन्द्र विश्वकर्मा रहेका छन् । महेन्द्रले अजरबैजान पठाइदिन्छु भन्दै ४ जनाबाट ४ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरी परेको थियो । सोही

(बाँकी अन्तिम पृष्ठमा)

# निर्वाचन आचारसंहिता उल्लंघन गर्नेलाई धमाधम स्पष्टीकरण

**काठमाडौँ, माघ १२।** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७५३ वटै स्थानीय तह र ७७ वटै जिल्ला समन्वय समितिलाई निर्वाचन आचारसंहिता, २०८२ लागू गर्न, गराउन 'सर्कुलर' गरेको छ ।

निर्वाचन आयोगले २०८२ साल माघ ४ गते राति १२ बजेदेखि लागू गरेको आचारसंहिता सम्बन्धित स्थानीय तह र जिल्ला समन्वय समितिले पनि आ-आफ्नो क्षेत्रमा लागू गराउन पत्राचार गरेको मन्त्रालयका शाखा अधिकृत दीपेश कट्टेलले जारी गरेको पत्रमा उल्लेख छ ।

सरकारले २०८२ साल पुस १२ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आचारसंहिता सार्वजनिक गरेको थियो । निर्वाचन आयोगले अर्को सूचना जारी नभएसम्मका लागि निर्वाचन आचारसंहिता लागू गरेको हो । यही माघ ११ गते सम्पन्न राष्ट्रियसभा निर्वाचन र आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आचारसंहिता लागू गरिएको हो ।

मन्त्रालयले आवश्यक जानकारी तथा कार्यार्थ भन्दै सबै स्थानीय तह र सबै जिल्ला समन्वय समितिलाई पत्राचार गरी निर्वाचन आचारसंहिता लागू गराउन ध्यानाकर्षण गराएको हो । निर्वाचन आचारसंहितामा परिच्छेद १०, अनुसूची ५ र दफा ५५ रहेको छ ।

यसैबीच निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ उल्लंघन गर्ने राजनीतिक दल, उम्मेदवार, सरकारका पदाधिकारी र गैह्रसरकारी संस्थालाई स्पष्टीकरण मागेको छ ।

यही माघ ४ गते राति १२ बजे निर्वाचन आचारसंहिता लागू भएदेखि माघ ११ गतेसम्म आठवटा स्पष्टीकरण सोधिएको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् । आयोगले काठमाडौं जिल्ला निर्वाचन




क्षेत्र नं. ४बाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उम्मेदवार रहेका वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारी र कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई माघ ७ गते स्पष्टीकरण सोधेको थियो । दुवै जनालाई तीन दिनभित्र स्पष्ट जवाफ पेश गर्न पत्राचार गरे पनि हालसम्म जवाफ प्राप्त नभएको उनले बताइन् ।

काठमाडौं जिल्ला क्षेत्र नं. ४का उम्मेदवार भण्डारीलाई निर्वाचन आचारसंहिता-२०८२को दफा ४को खण्ड (च) अनुसार स्पष्टीकरण मागिएको हो । सो दफा अनुसार ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने व्यवस्था छ ।

यसैगरी कोशी प्रदेशका मुख्यमन्त्री कार्कीलाई निर्वाचन आचारसंहिता, २०८२ को दफा ५ को खण्ड (क) अनुसार स्पष्टीकरण सोधिएको हो । सो दफामा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरणको विषय उल्लेख छ । सो दफाको खण्ड (क) मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने भन्ने व्यवस्था छ । यही व्यवस्था पालना नभएको भनी आयोगमा उजुरी परेको हो ।

दोलखा जिल्ला निर्वाचन क्षेत्र नं. १मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार जगदीश खरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ढ) र (ण) बमोजिम माघ ८ गते तीन दिनभित्र स्पष्ट जवाफ पेश गर्न भनी पत्राचार गरिएको थियो । हालसम्म स्पष्टीकरण माग गरिएका आठ जनामध्ये खरेलले मात्र स्पष्टीकरण पेश गरेको आयोगका सहायक प्रवक्ता श्रीसले जानकारी दिइन् । खरेलले गल्ती, कमीकमजोरी भएको भए सुधार गर्ने भनी पेश गरेको स्पष्टीकरण चित्तबुझ्दो भएकाले अब गल्ती, कमी कमजोरी नगर्ने गरी सचेत गराइएको आयोगले जनाएको छ ।

आयोगले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई एन्फा अर्डिनरी कंग्रेसको निर्वाचन आयोजना भएको विषयमा दुई दिनभित्र स्पष्ट जवाफ पेश गर्न माघ ८ गते स्पष्टीकरण सोधेको थियो । त्यसको जवाफ पनि प्राप्त भएको छैन । यसै विषयमा आयोगले राष्ट्रिय खेलकुद परिषद्लाई पनि दुई दिनभित्र स्पष्टीकरण पेश गर्ने गरी माघ ८ गते नै स्पष्टीकरण सोधेको थियो । परिषद्ले हालसम्म आयोगलाई स्पष्टीकरण पेश गरेको छैन । सरकार मातहतकै परिषद्ले समेत आयोगलाई समयभित्र स्पष्टीकरण पेश नगरेको हो ।

नेपाली कम्युनिष्ट पार्टी जाजरकोटका उम्मेदवार

(बाँकी अन्तिम पृष्ठमा)

## लिखित माफी मागेपछि स्वागत नेपाललाई छोडियो



**झापा, माघ १२।** सामाजिक सञ्जालमार्फत समाजमा हिंसा भड्काउने खालका अभिव्यक्ति दिएको आरोपमा झापाका एक व्यक्तिमाथि प्रहरीले अनुसन्धान थालेको छ ।

बिर्तामोड नगरपालिका-७घर भएका ५० वर्षीय भद्रप्रसाद नेपाल (स्वागत)ले चुनावी प्रचारका क्रममा युट्युब च्यानल र सामाजिक सञ्जालमार्फत सार्वजनिक नैतिकता र शिष्टाचारबिरुद्धका अभिव्यक्ति दिएको भन्दै प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआईवी) ले सोधपुछ गरेको हो ।

आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट झापा क्षेत्र नम्वर २ बाट नेपालले मनोनयन दर्ता गराएका छन् । लोक आवाज लगायतका युट्युब च्यानलमा प्रशारित भिडियोमा नेपालले 'जो पृथ्वी नारायण शाहको विरोध गर्छ, उसको टाउको काटिन्छ, काट्नुपर्छ, म काट्न तयार छु' जस्ता अभिव्यक्ति दिएको उल्लेख गर्दै प्रहरीले उक्त अभिव्यक्तिको सत्यता बुझ्न उनलाई उपस्थित गराई सोधपुछ गरेको जनाएको छ ।

प्रारम्भिक सोधपुछका क्रममा नेपालले भविष्यमा यस्ता गलत अर्थ लाग्ने र कानूनविपरीतका अभिव्यक्ति नदिने तथा कानूनको पालना गर्ने प्रतिबद्धता जनाउँदै लिखित कागज गरेको प्रहरीले जनाएको छ । सोही आधारमा हाल उनलाई खोजी भएका बखत उपस्थित हुने शर्तमा छाडिएको र घटनाबारे अनुसन्धान जारी रहेको सीआईबीले जनाएको छ ।

प्रहरीका अनुसार सामाजिक सञ्जाल तथा अन्य

(बाँकी अन्तिम पृष्ठमा)

## समानुपातिकतर्फको मतपत्र छपाइ सम्पन्न

**काठमाडौं, माघ १२।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिकतर्फको मतपत्र छपाइ कार्य सम्पन्न भएको छ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड सानोठिमीमा सोमवार समानुपातिकतर्फको दुई करोड आठ लाख ५० हजार प्रति मतपत्र छपाइ कार्य सम्पन्न भएको केन्द्रका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले जानकारी दिए ।

केन्द्रले सोमवारबाटै प्रत्यक्षतर्फको मतपत्र छपाइ कार्य शुरु गर्ने पौडेलले जानकारी दिए । केन्द्रले यसअघि १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ गरेर निर्वाचन आयोगलाइ पठाइसकेको जनाएको छ ।

## बालेनबिरुद्ध उजुरी



**झापा, माघ १२।** काठमाडौं महानगरपालिकाका पूर्वमेयर तथा झापा-५ का प्रतिनिधिसभा उम्मेदवार बालेन शाहबिरुद्ध निर्वाचन आयोगमा उजुरी दर्ता गरिएको छ ।

सामाजिक सञ्जालमार्फत प्रमाणबिनै गम्भीर आरोप लगाएर निर्वाचन आचारसंहिता, प्रचलित कानून र लोकतान्त्रिक बहसको मर्म उल्लंघन गरेको आरोप उजुरीमा लगाइएको छ । बालेनले प्रयोग गरेका शब्दले व्यक्तिको प्रतिष्ठामा क्षति पुऱ्याउने र मतदातालाई भ्रमित पार्ने जोखिम रहेको दावी गरिएको छ । उजुरीकर्ताले अभिव्यक्तिको छानविन गरी आचारसंहिता विपरीत ठहर भए आवश्यक कारबाही गर्न माग गरेका छन् ।

साथै, महोत्तरीलगायत क्षेत्रमा रास्वपाले भारतीय नम्बर प्लेटका सवारीसाधन प्रयोग गरेको विषयमा पनि छानबिनको माग गरिएको छ ।

## बचत तथा ऋण सहकारी संघ झापाको पद हस्तान्तरण



**झापा, माघ १२।** बचत तथा ऋण सहकारी संघ झापाको नवनिर्वाचित कार्य समिति तथा लेखा सुपरीवेक्षण समितिलाई पद हस्तान्तरण गरिएको छ ।

संघको आगामी चार वर्षे कार्यकालका लागि युवराज गिरीको नेतृत्वमा निर्वाचित कार्यसमिति र लेखा सुपरीवेक्षण समितिलाई सोमबार बिर्तामोडमा आयोजित कार्यक्रममा शपथसहित पद हस्तान्तरण गरिएको हो ।

संघका अध्यक्ष तुलाराम न्यौपानेको अध्यक्षतामा सम्पन्न शपथ ग्रहण कार्यक्रममा नेफस्कोनका महासचिव धनश्याम अधिकारी प्रमुख अतिथि थिए । निर्वाचन समिति संयोजक देवेन्द्र भण्डारीले नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई शपथ ग्रहण गराएका थिए ।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष उपेन्द्रप्रसाद ओलीले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि अधिकारी, जिल्ला सहकारी संघ झापाका अध्यक्ष प्रेमकुमार सापकोटा तथा वरिष्ठ उपाध्यक्ष दुर्गाप्रसाद सापकोटालगायतले शुभकामना

(बाँकी अन्तिम पृष्ठमा)

## 'चुरे क्षेत्र दोहन हुन दिँदैनौं'

**झापा, माघ १२।** निर्माणाधीन एशियन हाइवेमा चुरे क्षेत्रको अवैध उत्खनन रोक्ने क्रममा हातपात र गाडी कब्जा गरेको आरोप लागेपछि झापाका तीन युवा नेताले आफूहरूलाई गुन्डा करार गरिएकोप्रति आपत्ति जनाएका छन् । उनीहरूले पत्रकार सम्मेलनमार्फत आरोपहरू निराधार रहेको दाबी गर्दै चुरे संरक्षणकै लागि हस्तक्षेप गरेको स्पष्ट पारेका छन् ।

नेकपा एमालेनिकट युवा संघका केन्द्रीय सदस्य तथा झापा इन्चार्ज राज आङदम्बे, अखिल नेपाल खेलकुद महासंघ झापाका अध्यक्ष सुरेश आले र कांग्रेसनिकट तरुण दलका केन्द्रीय सदस्य तथा नेपाल विद्यार्थी संघका पूर्व जिल्ला सभापति राजेन्द्र उप्रेतीले शनिबार बिर्तामोडमा संयुक्त पत्रकार सम्मेलन गरी निर्माण कम्पनीका मजदुरमाथि कुटपिट र गाडी कब्जा गरेको भन्ने आरोप अस्वीकार गरेका हुन् ।



एभ्रास्कन-कालिका जोइन्ट भेन्चरका मेनेजर उज्ज्वल प्रसाईंले जारी गरेको विज्ञप्ति र त्यसका आधारमा प्रकाशित समाचारले आफ्नो चरित्रहत्या गरेको भन्दै उनीहरूले घोर आपत्ति जनाएका हुन् । सामाजिक रूपमा सक्रिय व्यक्तिलाई बदनाम गराउने उद्देश्यले तथ्य तोडमरोड गरिएको उनीहरूको आरोप छ ।

तीनै नेताले एसियन हाइवे निर्माणको विरोध आफूहरूको उद्देश्य नभएको जनाउँदै प्रारम्भिक वातावरणीय प्रतिवेदनबिनै चुरे जस्तो संवेदनशील क्षेत्रबाट माटो उत्खनन् गरी मदन भण्डारी राजमार्गमा पुरुवा हाल्ने काम भएपछि सोधपुछ गर्न पुगेको बताए । चुरे क्षेत्र कुनै पनि हालतमा दोहन हुन दिन सकिँदैन- उनीहरूले भने- राष्ट्रिय गौरवको आयोजना हामीले रोकेको होइन, अवैध उत्खनन् रोकेका हौं ।

(बाँकी अन्तिम पृष्ठमा)

## परस्त्रीसँगै पक्राउ परेका श्रम संस्कृतिका नेतालाई कार्वाही

**झापा, माघ १२।** परस्त्रीसँग पक्राउ परेका श्रम संस्कृति पार्टीका भोजपुर सचिव भीम राईलाई पार्टीले कारबाही गर्ने भएको छ ।

पार्टी अध्यक्ष हर्क साम्पाङले सामाजिक सञ्जालमार्फत राईसँग सम्पर्क गरेर आवश्यक कारबाही अघि बढाइने बताएका छन् । साम्पाङले 'गल्ती व्यक्ति स्वयम्को हो, संगठनको कुनै निर्देशन वा सहमति यसमा छैन' भन्दै पार्टी अनुशासन अनुसार निर्णय गरिने स्पष्ट पारेका छन् । व्यक्तिगत आचरणले संगठनको छवि प्रभावित भएको भन्दै घटनालाई गम्भीर रूपमा लिइएको उनको भनाइ छ ।

राई दुई दिनअघि एक विवाहित

(बाँकी अन्तिम पृष्ठमा)

## चिनियाँ र अमेरिकन नागरिक पक्राउ

**काठमाडौँ, माघ १२।** नेपालमा बसेर शङ्कास्पद गतिविधि गरेको आरोपमा अध्यागमन विभागले एक जना चिनियाँ र एक जना अमेरिकी नागरिकलाई पक्राउ गरेको छ । सोमबार चिनियाँ नागरिकलाई चाबहिलबाट र अमेरिकन नागरिकलाई ठैवुबाट पक्राउ गरिएको अध्यागमन विभागका निर्देशक टीकाराम ढकालले जानकारी दिए ।

उनीहरू भिसाको उद्देश्य विपरीत शङ्कास्पद गतिविधिमा संलग्न रहेको विभागको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । विभागले उनीहरूको नाम सार्वजनिक गरेको छैन । पकनाजोलमा फ्ल्याट लिएर बस्दै आएका चिनियाँ

(बाँकी अन्तिम पृष्ठमा)

**कनकाई बहुमुखी क्याम्पस**

**कनकाई नगरपालिका, सुरुङ्गा, झापा**

**शिक्षक आवश्यकता**

**पुनः प्रकाशित मितिः २०८२/१०/१३**

यस क्याम्पसमा तपसिल बमोजिमका पदमा शिक्षक आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपालीहरुबाट निवेदन आव्हान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | पद | विषय | संख्या | सेवाको प्रकृति | न्यूनतम योग्यता | अन्य योग्यता | परीक्षाको किसिम | प्राथमिकता | परीक्षा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सहायक प्राध्यापक | लेखाशास्त्र | १ | पूर्णकालीन करार | एम.बी.एस. वा सो सरह उपाधि (कम्तीमा द्वितीय श्रेणी) | अंग्रेजी माध्यममा पठनपाठन गर्न सक्ने | कक्षा अवलोकन र अन्तरवार्ता | एम.फिल./पी.एच्.डी उपाधिलाई विशेष प्राथमिकता | रु.१०००/- |

**निवेदनका साथ संलग्न गर्नुपर्ने कागजात :** योग्यता, अनुभव (भएमा), नेपाली नागरिकताको प्रमाण-पत्रका प्रतिलिपिहरु

**तलबभत्ता :** क्याम्पस सञ्चालक समितिले तोके बमोजिम

**निवेदन दिने मिति :** २०८२ माघ १३ गते मंगलवारदेखि २०८२ माघ १९ गते सोमबार बिहान १०:०० बजेभित्र

**सम्पर्क मिति :** २०८२ माघ २० गते मंगलवार बिहान ९:३० बजे ।

**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिनेछ ।

**सम्पर्क :** ०२३-५५२१५३, ५५२८५३/९८४२७८६४१६

**क्याम्पस प्रमुख**

**शहीदप्रति सम्मान गरौं**

- शहीद राष्ट्रिय गौरव हुन् ।
- शहीदको बलिदान र योगदानको स्मरण गरौं ।
- शहीदप्रति सम्मान र समर्पण व्यक्त गरौं ।
- शहीदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं ।
- देश प्रेम र एकताको भावना जागृत गराऔं ।
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं ।

**शहीदको सपना साकार गरौं, देश विकासमा सबै नेपाली जुटौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

BIRTAMODE EYE HOSPITAL

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com |
Web: birtamodeeyehospital.org

# आर्यनको उपचारमा इक्यान झापाको सहयोग



**बिर्तामोड, माघ १२।** शैक्षिक परामर्शसंगै सामाजिक क्षेत्रमा समेत सक्रिय रहेको नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापाले एक विद्यार्थीको उपचारमा आर्थिक सहयोग गरेको छ।

बिर्तामोड नगरपालिका-३ घर भएका १६ वर्षीय किशोर आर्यनकुमार महतोको उपचारमा इक्यान झापाको सामाजिक उत्तरदायित्व बिभागले एक कार्यक्रमकाबीच आर्थिक सहयोग गरेको हो।

एप्लास्टिक एनीमिया नामक रोगका कारण हाल भारतको नयाँदिल्लीस्थित एम्स हस्पिटलमा उपचारत् रहेका महतोलाई आर्थिक संकट भएसंगै इक्यान झापाले सामाजिक उत्तरदायित्व अन्तर्गत ३६ हजार रुपैयाँ आर्थिक सहयोग गरेको हो।

बिर्ताबजारस्थित महेन्द्र रत्न माध्यमिक बिद्यालयमा अध्ययनरत् विद्यार्थीको बोनम्यारो ट्रान्सप्लान्ट गर्नुपर्ने भएको र उनको उपचारमा करिब ५० लाख रुपैंया खर्च लाग्ने बताइएसँगै महतो परिवारले सहयोगको याचना गरेको थियो। सहयोग रकम लिएर इक्यान झापाको टोली उनको घरमै पुगेको थियो।

सहयोग हस्तान्तरण कार्यक्रममा बोल्दै बिर्तामोड-३का वडाध्यक्ष मदन बुढाथोकीले आफू पनि शैक्षिक परामर्श क्षेत्रमा कार्यरत रहेकाले एक विद्यार्थीको उपचारमा इक्यानले सहयोग गरेको भन्दै सानो सहयोगले पनि यस्तो अवस्थामा ठूलो महत्व राख्ने धारणा व्यक्त गरे।

इक्यान झापाका अध्यक्ष राजकुमार कार्कीले शैक्षिक परामर्शसँगै सामाजिक क्षेत्रमा समेत इक्यान झापाले विभिन्न कार्यक्रमहरु गर्दै आएको र एक बिद्यार्थी आर्थिक अभावकै कारण उपचारमा बञ्चित हुनु नपरोस् भनेर सानो सहयोग लिएर घरमै आएको बताए। उनले आगामी दिनमा राहत संकलनका लागि अन्य निकायसँग पनि पहल गर्ने प्रतिबद्धता जनाए।

इक्यान झापाका उपाध्यक्ष एवम् सामाजिक उत्तरदायित्व विभाग (सीएसआर) प्रमुख अशोक भण्डारीले नेपाल शैक्षिक परामर्श संघ इक्यान झापाले सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न क्षेत्रमा सहयोगका कार्यक्रमहरु सञ्चालन गरिरहेको बताए। उनले एक विद्यार्थीको उपचारमा इक्यानको तर्फबाट सहयोग गर्ने अवसर प्राप्त भएको भन्दै सानै उमेरमा जटिल रोगको सामना गरिरहेका महतोको स्वास्थ्य लाभको समेत कामना गरे।

कार्यक्रममा इक्यान झापाका संस्थापक अध्यक्ष एवम् प्रमुख सल्लाहकार सुमन शर्मा जमरकट्टेल, इक्यान झापाका कोषाध्यक्ष तुलसी पाठक, इक्यान झापाका कार्यसमिति सदस्य एवम् संगठन विभाग प्रमुख मोहन पराजुली, सामाजिक उत्तरदायित्व विभाग (सीएसआर)का सदस्य कृष्ण खतिवडा, सञ्जय पौडेल लगायतको सहभागिता रहेको थियो। सहयोग रकम हस्तान्तरण कार्यक्रममा बोल्दै आर्यनका मामा प्रमोद महतोले नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापालाई धन्यवाद दिए। उनले इक्यान झापालाई सहयोगको याचना गर्दा घरमै आएर सहयोग गरेको भन्दै खुशी व्यक्त गरे।

# दाइजोका कारण हत्या !

**मोरङ, माघ १२।** विवाहमा मागेजति दाइजो नदिएको निहुँमा २४ वर्षीया रुबी खातुनको हत्या गरिएको आरोप माइती पक्षले लगाएको छ।

मोरङको भोक्राहा नरसिंह गाउँपालिका-४की रुबीलाई सासू-ससुराले झुण्ड्याएर हत्या गरेको दाबी गर्दै उनका बुवा अजमल अन्सारी न्यायका लागि प्रहरी कार्यालय धाइरहेका छन्।

ज्वाइँ वैदेशिक रोजगारीमा रहेको मौका छोपी बिगतदेखि नै दाइजोको सरसामान, गरगहना र जग्गाको माग गर्दै आएको र सो माग पूरा नभएपछि मिलेर हत्या गरिएको अन्सारीको आरोप छ। उनका अनुसार ससुरा दाउद मियाँ र सासू जलेशा खातुनले छोरीलाई मारेर आत्महत्या बनाउने प्रयास गरेका हुन्। 'परिवारले मारेको हो, तर आत्महत्या भन्दै उजुरी लिन समेत मानिएन'- अन्सारीले भने- 'छोरीको न्यायका लागि भौंतारिँदैछु।'

घटना बाहिर नखुलोस् भन्ने उद्देश्यले नातिलाई प्रलोभन समेत देखाएको खुलेको छ। मृतकका पाँच वर्षीय छोरा सुफियान अन्सारीले आफू र दुई वर्षीया बहिनी आसिनालाई १२० रुपैयाँ दिएर 'यो कुरा कसैलाई नभन्नू' भनिएको बताएको अन्सारीले सुनाए। आफन्तका अनुसार दाइजोमा महंगो मोटरसाइकल र पाँच कट्ठा जग्गा माग गरिएको थियो। माग पूरा नभएपछि रुबीमाथि कुटपिट, यातना र खानलाउनसमेत नदिने व्यवहार हुँदै आएको थियो। पटक-पटक पञ्चायती र छलफलबाट समस्या मिलाउँदै आएको भए पनि अन्ततः हत्या गरिएको उनीहरूको दावी छ।

माघ ३ गते बिहान करिब ५ बजे रुबी झुण्डिएको अवस्थामा फेला परेकी थिइन्। उनको विवाह भोक्राहा नरसिंह-४का अबुल हसन मियाँसँग भएको थियो। उनका एक छोरा र एक छोरी छन्। 'बारम्बार मेरी छोरीलाई कुटपिट गर्ने, खान नदिने, गाडी र जग्गा खोइ ल्याएको भन्दै यातना दिने गरेका थिए'- अन्सारीले भने- 'यसअघि पनि पञ्चायत बसेर मिलाइएको थियो, तर यसपटक त हत्या नै गरिदिएछन्।'

यता जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक हेमराज ओलीले घटनाको यथार्थ पोस्टमार्टम रिपोर्टपछि मात्र यकिन हुने बताएका छन्। 'हत्या वा आत्महत्याको विषय पोस्टमार्टम रिपोर्ट आएपछि मात्रै स्पष्ट हुन्छ'- उनले भने- 'त्यस अनुसार प्रक्रिया अगाडि बढाइन्छ।'

# 'फेक रेस्क्यू'मा संलग्न ६ जना पक्राउ

**काठमाडौं, माघ १२।** नेपालको उच्च हिमाली क्षेत्रमा पदयात्राका क्रममा स्वास्थ्य समस्यामा परेका विदेशी पर्यटकहरूको उद्धार गरेको देखाई बीमा रकम दाबी गरी गैह्रकानूनी रूपमा आर्थिक लाभ प्राप्त गरेको अभियोगमा ६ जनालाई केन्द्रीय अनुसन्धान व्यूरोबाट खटिएको प्रहरीले आइतबार पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा माउण्टेन रेस्क्यु सर्भिस प्रालिका अध्यक्ष काठमाडौं टोखा नगरपालिका-८ धापासी बस्ने चितवन रत्ननगर नगरपालिका-१ घर भएका ४७ वर्षीय जयराम रिमाल तथा सोही प्रालिका मेनेजर चितवन राप्ती नगरपालिका-५ घर भएका ३२ वर्षीय विवेक पाण्डे, एभरेष्ट एक्सपेरियन्स एण्ड एसिस्टेन्स प्रालिका अध्यक्ष ललितपुर गोदावरी नगरपालिका-९ बस्ने ४२ वर्षीय मुक्ति पाण्डे तथा सोही प्रालिका अपरेशन डिपार्टमेन्ट प्रमुख सोही नगरपालिका-९ बस्ने ४६ वर्षीय सुवास केसी र नेपाल चार्टर सर्भिस प्रालिका अध्यक्ष धादिङ गंगाजमुना गाउँपालिका-५ घर भएका ३९ वर्षीय रवीन्द्र अधिकारी तथा सोही प्रालिका अपरेशन मेनेजर काठमाडौं महानगरपालिका-१६ बस्ने ३९ वर्षीय विवेक थपलिया रहेका छन्।

प्रारम्भिक अनुसन्धानको क्रममा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण तथा विमानस्थलमा रहेका अभिलेख विवरण कीर्ते गर्ने गरेको, उद्धार गरिएको भनिएका विदेशी पर्यटकहरूलाई अनिवार्य रूपमा इन्स्योरेन्स पोलिसीमा उल्लेख भएको शर्त बमोजिम काठमाडौंस्थित विभिन्न अस्पतालमा उपचार गरेको देखाई उपचारका बिल समेतका कागजातहरू तयार गरी/गराई उद्धार गरिएको व्यक्तिको नामको बीमा रकमको झुट्टा दावी गरेको खुल्न आएको छ।

उनीहरू उपर राष्ट्रहित प्रतिकूल काम गर्न नहुने समेतका कसूरहरूमा जिल्ला अदालत काठमाडौंबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको बताइएको छ।

## निर्वाचन ...

शक्तिबहादुर बस्नेतलाई पनि आयोगले माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (झ) र (ण) बमोजिम माघ ९ गते तीन दिनभित्र स्पष्ट जवाफ पेस गर्ने भनी पत्राचार गरेको थियो। आचारसंहिताको दफा १३मा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला वा निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्य गर्दा पालना गर्नुपर्ने आचरण उल्लेख छ। बस्नेतले पनि हालसम्म स्पष्टीकरण बुझाएका छैनन्।

कोशी प्रदेशका उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरीलाई पनि माघ ९ गते निर्वाचन आचारसंहिता, २०८२को दफा ५को खण्ड (क) बमोजिम तीन दिनभित्र स्पष्ट जवाफ पेश गर्न पत्राचार गरेको थियो। उनले पनि आयोगलाई स्पष्टीकरण बुझाएका छैनन्। राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट ओखलढुङ्गा जिल्ला निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार विश्वराज पोखरेललाई निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ण) बमोजिम माघ १० गते तीन दिनभित्र स्पष्ट जवाफ पेश गर्न पत्राचार गरेको थियो। यसको जवाफ पनि प्राप्त नभएको आयोगले जनाएको छ।

त्यस्तै निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि सञ्चारमाध्यमहरुले आधिकारिक स्रोतलाई मात्र आधार मानेर समाचार एवम् सूचना प्रवाह गर्न आग्रह गरेका छन्।

सार्वजनिक सेवा प्रशारण नेपालले आयोजना गरेको 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ आचारसंहिता अभिमुखीकरण' विषयक कार्यक्रममा प्रमुख आयुक्त भण्डारीले निर्वाचनका क्रममा भ्रामक समाचार फैलाउनबाट जोगिन सुझाव दिएका हुन्। उनले नागरिकलाई यतिबेला अत्यन्त सत्यतथ्य समाचार सामग्रीको खाँचो हुने हुँदा खास गरी सञ्चार माध्यमलले आचारसंहिताको पालना गर्ने र गराउने भूमिका निर्वाह गर्नुपर्ने बताए।

## लिखित ...

डिजिटल प्लेटफर्ममार्फत हिंसालाई प्रश्रय दिने, कानूनविपरीतका अभिव्यक्ति दिने तथा श्रव्य-दृश्य सामग्री प्रशारण गर्ने गतिविधिमाथि निरन्तर निगरानी भइरहेको छ। 'यस्ता गतिविधिमा संलग्नता पुष्टि भए कानून बमोजिम कारबाही गरिनेछ'- सीआईबीका प्रवक्ता एवम् प्रहरी उपरीक्षक दीपकराज अवस्थीले बिज्ञप्तिमार्फत जानकारी दिएका छन्।

## चिनियाँ ...

नागरिक २०१२ मा पर्यटक भिसामा नेपाल आएको र त्यसपछि १३ पटक व्यावसायिक भिसा लिएको भेटिएको छ। ६ वटा कम्पनी स्थापना गरेर व्यावसायिक भिसा लिए पनि उनले विभिन्न विद्यालयहरूमा अध्यापन गर्दै आएको निर्देशक ढकालले बताए। उनले भने- 'पर्यटक र व्यावसायिक भिसामा नेपालमा बस्दा विदेशी नागरिकले काम गर्न नपाउने कानूनी व्यवस्था छ।'

अमेरिकी नागरिक २०१७मा पहिलोपटक नेपाल प्रवेश गरेका थिए। सन् २०२०मा पुनः नेपाल आएर उनले सिन्धुपाल्चोकको साँगाचोकगढीमा क्याल्भेरी सर्भिस सेन्टर प्रालि नामको कम्पनी स्थापना गरेका थिए। सो कम्पनीको ठेगाना ललितपुरका सैंबुमा उल्लेख गरेको भेटिएको छ। उनले ललितपुरको गोदावरीमा बालगृह सञ्चालन गरेको र बालबालिकालाई क्रिश्चियन धर्म प्रचारमा लगाउने गरेको विभागको प्रारम्भिक अनुसन्धानको निष्कर्ष छ। उनीहरुलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको निर्देशक ढकालले जानकारी दिए।

## चुरे ...

अनुमति नलिई पुरुवा ओसार्ने काम भइरहेकोबारे स्थानीय प्रभावित नागरिकले प्रशासनलाई जानकारी गराएपछि प्रहरीले नै टिपर नियन्त्रणमा लिएको उनीहरूको दाबी छ। निर्माण कम्पनीका मेनेजर प्रसाईंमाथि कारबाही गर्नुपर्ने मागसमेत उनीहरूले अघि सारेका छन्।

उता, सुरक्षाको प्रत्याभूति नभएको भन्दै निर्माण कम्पनीले पूर्व-पश्चिम एशियन हाइवे विस्तारको काम आइतवारदेखि स्थगित गरेको जनाएको छ। नियन्त्रणमा लिइएका सवारी साधन फुकुवा र सुरक्षा सुनिश्चित हुनुपर्ने अडान कम्पनीको छ।

माघ १० गते चारवटा, माघ ९ गते एउटा र पुष २३ गते दुईवटा गरी सातवटा टिपर प्रहरीले नियन्त्रणमा लिएको थियो। तीमध्ये पाँचवटा अर्जुनधारा नगरपालिकामा र दुईवटा सबडिभिजन कार्यालय सुरुङ्गामा राखिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## परस्त्रीसंग ...

महिलासहित भोजपुरको दिङ्लास्थित इलाका प्रहरी कार्यालयमा पक्राउ परेका थिए। महिलाका आफन्तले दुवैजनालाई प्रहरी चौकीमा बुझाएपछि उनीहरू एक रात हिरासतमा बसेर छुटेका थिए। राई स्वयम् पनि विवाहित हुन्।

प्रहरी कार्यालय बाहिर भएको छलफलमा राईले ती महिलालाई 'कान्छी श्रीमती'का रूपमा स्वीकार गरेपछि महिलाका आफन्तले उनीहरूलाई छाडिदिएको स्रोतले जनाएको छ। यद्यपि, यस विषयले पार्टीभित्र आन्तरिक बहस चर्किएको छ। घटनाले पार्टीको नैतिक अनुशासन र सार्वजनिक छविमाथि प्रश्न उठेको भन्दै नेतृत्व तहले औपचारिक निर्णय सार्वजनिक गर्ने तयारी गरिरहेको जनाएको छ।

## बचत ...

मन्तव्य राखेका थिए। उद्घाटन सत्र निवर्तमान अध्यक्ष तुलाराम न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको थियो भने दोस्रो सत्र नवनिर्वाचित अध्यक्ष युवराज गिरीको अध्यक्षतामा सञ्चालन गरिएको थियो। कार्यक्रम सञ्चालन संघकी व्यवस्थापक कोपिला बजगाँई र सचिव बिनोद ढकालले संयुक्त रूपमा गरेका थिए।

नवनिर्वाचित कार्यसमितिका उपाध्यक्षमा यामकुमार चुडाल, महिला उपाध्यक्षमा सुशीला रिजाल, सचिवमा विनोद ढकाल तथा सदस्यहरूमा हिमालयप्रकाश लिम्बू कन्दङ्वा, महेश घिमिरे, मित्रलाल खनाल, उमाकान्त आचार्य र संगीता कोइराला सर्वसम्मत निर्वाचित भएका छन्।

यसैगरी लेखा सुपरीवेक्षण समितिको संयोजकमा जगन्नाथ भट्टराई तथा सदस्यहरूमा गायत्रीप्रसाद मैनाली र डिल्लीराम ढकाल निर्वाचित भएका थिए।

## अजरबैजान ...

उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-३२ बाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## प्रेस विज्ञप्ति

**मिति २०८२/१०/ १२**

**काँकरभिट्टा–लौकही खण्डसम्मको एशियन हाइवे निर्माण कार्य जारी रहेको सर्वविदितै नै छ। उक्त परियोजनामा काम गर्दै आएको (EVRASCOn/KALIKa/JOINT VENTURE (JV) ले हाम्रो नाम उल्लेख गरेर आइतवार सार्वजनिक गरेको विज्ञप्ति र केही सञ्चार माध्यममा सार्वजनिक भएका समाचारहरुप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। सार्वजनिक गरिएको विज्ञप्ति र समाचारहरुमा हामीलाई लक्षित गरी चरित्र हत्या गर्ने, सामाजिक मान प्रतिष्ठामा आँच पुऱ्याउने उद्देश्य स्पष्ट छ। त्यसको हामी घोर निन्दा गर्दछौं। निर्माण कम्पनीका मजदुरमाथि हातपात गरी गाडी कब्जा गरेको र गुन्डागर्दी गरेको भन्ने आरोप सरासर गलत भएको यसै विज्ञप्तिमार्फत सम्पूर्ण सञ्चारकर्मीहरुमा स्पष्ट बनाउन चाहन्छौं।**

**एशियन हाइवे निर्माणको क्रममा निर्माण कम्पनी एभ्रास्कन कालिका जोइन्ट भेन्चरले प्रारम्भिक वातावरणीय प्रतिवेदन तयार नगरी अवैध तरिकाले चुरे क्षेत्र जस्तो सम्बेदनशिल क्षेत्रको दोहन गर्ने मनसायले मदन भण्डारी राजमार्गलाई प्रत्यक्ष असर पार्ने, स्थानीय जनताको दैनिकी समेतलाई असर गर्नेगरी माटो उत्खनन् गरेर पूरुवा ( Fiflling) गर्ने काम भइरहेको जानकारी पश्चात सोधपुछ गर्ने काम भएको हो।**

**कुनै पनि सम्बन्धित निकायबाट अनुमति नलिई, अनधिकृत रुपमा उत्खनन् गरी हाईवेको पुरुवा हाल्ने काम भई रहेको अवस्थामा स्थानीय प्रभावित नागरिकहरुले स्थानीय प्रशासनलाई जानकारी गराए पश्चात प्रशासनले नै पुरुवा ओसार्ने साधनलाई नियन्त्रणमा लिएको हो। उक्त अवैध काममा संलग्न सवारीहरुलाई प्रभावित नागरिकहरुले कनकाई सव डिभिजन कार्यालय सुरुङ्गालाई जिम्मा लगाइ कानूनी कारवाही अगाडि बढाएको अवस्थामा हामीलाई जोडेर गरिएको प्रचार झुट र कपोकल्पित छ। यसको प्रमाण पेश गर्न कम्पनीलाई यसै विज्ञप्ति मार्फत आग्रह गर्दछौं। मिति २०८२/१०/१० गते पनि सदाझैं निर्माण कम्पनीले अनधिकृत रुपमा बिना अनुमति चुरे क्षेत्रमै अवैध उत्खनन् गरी पुरुवा ल्याउने क्रममा दुर्गापुर क्षेत्रमा स्थानीय जनताको आग्रहमा प्रहरीले सवारी साधन नियन्त्रणमा लिई दुर्गापुरको प्रहरी विटमा बुझाएको थियो। सो को आवश्यक कारबाहीको लागि प्रकृया अगाडि बढिरहेको अवस्थामा हामीलाई जोडेर एभ्रास्कन कालिका जोइन्ट भेन्चरले भ्रमपूर्ण विज्ञप्ति सार्वजनिक गर्नु कुनै पनि हिसावमा स्वीकार्य छैन।**

**हामी सामाजिक क्षेत्रमा क्रियाशील युवाहरुको बद्नाम गर्न प्रेषित बिज्ञप्तिको खण्डन गर्दै निज उज्ज्वल प्रसाईलाई कारबाहीको माग गर्दछौं। अन्त्यमा निर्माण कम्पनीले उत्खनन् गरेको स्थलको अनुगमन गरी स्थानीय जनताको राय, सुझाव समेत बुझी उत्खननको यथार्थ बाहिर ल्याउन सम्बन्धित निकाय, स्थानीय प्रशासनसँग जोडदार माग समेत गर्दछौं।**

| | | |
|---|---|---|
| **राज आङ्दम्बे** | **सुरेश आले मगर** | **राजेन्द्र उप्रेती** |
| **बिर्तामोड-४, झापा** | **बिर्तामोड- ५, झापा** | **कनकाई -३, झापा** |

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय विर्तामोड, झापाका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

(सूचना प्रकाशित मिति २०८२/१०/१३ गते मंगलबारको पूर्वाञ्चल राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, विर्तामोड झापामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जान कारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८२/११/२६ गते मंगलबार, (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, विर्तामोड, झापामा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण:**

**ऋणी :** प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०८/०२ मा प्रा.फ.नं.घ.उ.वि. ३४१/१०७/१४५४१ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भद्रपुर, झापाबाट मिति २०५८/०७/१६ (मु.अ.कर मिति २०६३/०४/२८) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३००५७४६५० को प्रमाणपत्र प्राप्त **डाँफे एग्रो फर्म। फर्मको ठेगाना :** झापा जिल्ला मेचिनगर न.पा. वडा नं. १५।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : शंकर बहादुर बस्नेत**<br>(ना.प्र.नं. २७७१८१२, जारी मिति २०४६/०२/३०, प्रतिलिपि मिति २०७३/०८/२३, जारी गर्ने कार्यालय जि.प्र.का. झापा) ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. १० (साविक मेचिनगर न.पा. वडा नं. ३)।<br>बाबु : पृथ्वी बहादुर बस्नेत।<br>बाजे : वीर बहादुर बस्नेत। | **जमानतकर्ता : सुनिता प्रसाई (बस्नेत)**<br>(ना.प्र.नं. ०१/१९३२, जारी मिति २०६२/११/०४, जारी गर्ने कार्यालय जि.प्र.का. झापा)। स्थाई ठेगाना : झापा जिल्ला मेचिनगर न.पा. वडा नं. १० (साविक झापा जिल्ला मेचिनगर न.पा. वडा नं. ३)<br>बाबु : इन्द्र प्रसाद प्रसाई। पति : शंकर बहादुर बस्नेत।<br>ससुरा : पृथ्वी बहादुर बस्नेत। |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. डाँफे एग्रो फर्मको नाममा मालपोत कार्यालय ईलाममा दर्ता श्रेष्ता कायम रहेको ईलाम जिल्ला, फिक्कल गा.बि.स. वडा नं. ५, नक्सा सिट नं. ५ङ, स्थित कित्ता नं. ६६ र १९८ क्षेत्रफल ४३–१०–३–१ र १७–५–१–१ (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ..............१

२. ऋणी **डाँफे एग्रो फर्म**को स्टक तथा चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ, स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय विर्तामोड, झापा**बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलामहुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौं स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय विर्तामोड, झापामा** सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरूको दैनिक सेवा अब बिर्तामोडमै

डा. प्रशिद्ध ढकाल
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

डा. बबिता शर्मा
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग विशेषज्ञ

डा. विधान न्यौपाने
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:०० बजेदेखि १०:०० बजेसम्म
दिउँसो ३:०० बजेदेखि ५:०० बजेसम्म

डा. रोहित पंजियार
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग बिशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४, झापा
०२३-५९११७४, ९८२०४९११७४

## सार्वजनिक सूचना

**(प्रारम्भिक वातावरणीय परीक्षण- IEE सम्बन्धी)**

***श्रीमान् /श्रीमतीहरू,***

**एच एण्ड बी भेनियर इण्डस्ट्री (वा *Hand B Veneer Industry*) ले नेपाल सरकारको वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ (तथा सोका संशोधनहरू) बमोजिम मेचीनगर नगरपालिका वडा नं. १४मा प्रस्तावित भेनियर (*Veneer*) उद्योग स्थापना तथा सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (*Initial Environmental Examination – IEE*) प्रतिवेदन तयार गर्ने कार्य अगाडि बढाएको छ।**

**आयोजनाको नाम:** एच एण्ड बी भेनियर उद्योग (*H and B Veneer Industry*)

**प्रस्तावित स्थान:** मेचीनगर नगरपालिका, वडा नं. १४, जिल्ला झापा, प्रदेश नं. १

**आयोजनाको संक्षिप्त विवरण:** यो उद्योगमा काठको भेनियर (*veneer sheet*) उत्पादन गर्ने कार्य हुनेछ। मुख्य उत्पादन प्रक्रियामा कच्चा काठको peeling, drying, pressing तथा *finishing* समावेश रहनेछ। प्रस्तावित क्षमता दैनिक/वार्षिक उत्पादन क्षमता अनुसार वार्षिक ५००० क्युबिक मिटर भेनियर। यसले स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नुका साथै काठजन्य उत्पादनमा योगदान पुऱ्याउने छ।

**प्रभावित स्थानीय तह/क्षेत्र:** मेचीनगर नगरपालिका वडा नं. १४ तथा आसपासका वडाहरू

उक्त आयोजनाको *IEE* प्रतिवेदन तयारीको क्रममा सरोकारवाला निकाय, स्थानीय बासिन्दा तथा सर्वसाधारणबाट प्राप्त सुझाव, टिप्पणी, राय/प्रतिक्रिया निकै महत्वपूर्ण हुने भएकोले, यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तल उल्लेखित ठेगाना वा इमेलमा लिखित रूपमा आफ्ना सुझाव/टिप्पणी/राय उपलब्ध गराई दिनुहुन यो सार्वजनिक सूचना मार्फत हार्दिक अनुरोध गर्दछौं।

**सुझाव/टिप्पणी पठाउने ठेगाना:**

**एच एण्ड बी भेनियर इण्डस्ट्री**, मेचीनगर-१४, झापा

सम्पर्क व्यक्ति: Binayak Nepal/Hari Nepal

मोबाइल नम्बर: ९८१३९५८७३७/९८०१४११४९८

इमेल: *handbveneer@gmail.com*

यो सूचना मेचीनगर नगरपालिका, वडा नं. १४ को कार्यालय, जिल्ला समन्वय समिति झापा लगायत सम्बन्धित स्थानीय निकायको सूचना पार्टीमा टाँसिने तथा सम्बन्धित वेबसाइटमा प्रकाशित गरिने छ।

**सूचना प्रकाशन मिति: २०८२ साल माघ १३ गते**

नोट: समयसीमाभित्र सुझाव/टिप्पणी प्राप्त नभएमा वा प्राप्त भए पनि उचित कारणले सम्बोधन गर्न नसकिएमा कानून बमोजिम अगाडि बढाइनेछ।

**एच एण्ड बी भेनियर इण्डस्ट्री**
**बिनायक नेपाल**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# कृषिमा परनिर्भरता हटाऊ

**सरकार र राजनीतिक नेतृत्वले कृषिमा आत्मनिर्भरताको नारा लगाएको दशकौं भइसकेको छ । कुनै समय कृषि उतपादन निर्यात गर्ने देशको हालको त्यसमै परनिर्भरता बढ्दै जानुले नेता, नेतृत्व र सरकारप्रतिको आशा र भरोसा मरेको छ । त्यसो त यस्तो परनिर्भरता कृषिजन्य वस्तुमा मात्र सीमित छैन । तर, हावा, पानी, माटो र प्रकृतिले सम्पूर्ण हुँदाहुँदै कृषिवस्तु माथिको परनिर्भरताले मुलुक पछि पर्नु दुःखद् हो । देशमा औद्योगिकीकरण त भएन–भएन भएका प्रतिष्ठित र उत्पादनशील उद्योगहरु निजीकरणका नाममा बन्द गरिए । नयाँ उद्योग खोल्ने, खुलेका उद्योगलाई संरक्षण गर्नेतर्फ राज्यको ध्यान गएकै छैन ।**

**कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण भएन । जसका कारण कृषिवस्तुमा परनिर्भरता बढ्दै गयो । सरकारले प्रत्येक कार्यक्रमहरुमा कृषि क्षेत्रलाई प्राथमिकता दिने भन्दै लगानी बढाएको छ । तर, त्यसअनुरुप मुख्य खाद्यबालीको उत्पादन भने बढेको छैन । खाद्यान्नसहित फलफूल, तरकारी, चिया, कफी, प्याज, अदुवा, बेसार, लसुन, मुसुरो, अलैंची, चना, रहर, मास र तेलहनजन्य वस्तु तोरी, सर्स्यु, भटमास लगायतका बालीले पनि राम्रो उत्पादन दिन नसक्दा तिनै वस्तुमा परनिर्भरता बढेर अरुकै भर पर्नु पर्ने अवस्था आएको हो । निर्यातयोग्य वस्तु घटेर आयातको मात्रा बढ्दै गएपछि मुलुकले व्यापार घाटा व्यहोर्नु परिरहेको छ ।**


**नेपालको कृषि वस्तुमध्ये धान प्रमुख बाली हो । तर, त्यसको उत्पादन बर्सेनि घट्दै गएको छ । उत्पादन घट्नुमा बढ्दो सहरीकरण, सिँचाइको कमी, जलवायु परिवर्तन, नाफाको अनिश्चितता, युवा जनशक्तिको विदेश पलायन मुख्यकारण हुन् । त्यो सँगै सहरी क्षेत्रमा भइरहेको आप्रवासन, उत्पादनशील जमिनमा औद्योगिक एवम् भौतिक पूर्वाधार निर्माण जस्ता कारणले पनि उत्पादन घट्न थालेको छ । उत्पादन नबढेपछि बढ्दो जनसंख्याको जीवनयापनका लागि नेपाली उपभोक्ताले कृषिजन्य वस्तुका लागि विदेशबाट कृषिवस्तु आयात गर्नु परेको छ । यसले व्यापार घाटा बढाएको मात्र छैन नेपालीलाई परावलम्बी पनि बनाउँदै लगेको छ ।**

**तथ्यांक अनुसार जनशक्तिको पलायनका कारण दश लाख हेक्टर जमिन बाँझो छ । उर्बरभूमि बाँझो हुँदा अर्बौं रुपैयाँको कृषि उत्पादन आयात गर्नु परेको छ । यस्तोमा जमिनको पूर्ण उपयोग गर्ने नीति अनुरुप उत्पादन वृद्धि, भण्डारण र वितरण प्रणालीलाई थप व्यवस्थित बनाउनुपर्छ । सिँचाइको प्रबन्ध, समयमा बीऊ, मलखाद, कृषि औजार तथा अनुदान र सहुलियत दिएर उत्पादनलाई प्रोत्साहन गर्नुपर्छ । आधुनिक कृषि यान्त्रीकरण कानून, नियमन लगायतका माध्यमबाट किसान र कृषि कर्मलाई प्रोत्साहन दिन सकिए आर्थिक सुधारको आधार निर्माण हुनसक्छ । तर, यही अवस्थामा रहने हो भने न जनताको समृद्धि सम्भव छ न त मुलुकले परनिर्भरताको पीडाबाट मुक्ति पाउँछ ।**

# ध्यान साधनाबाट प्राप्त हुन्छ बोध



**नेत्र सुवेदी 'प्रयास'**




योगासन, प्राणायम र ध्यान एकपछि अर्को गरी अभ्यास गरिन्छ। योग र प्राणायम ध्यानका लागि पूर्व तयारी हुन्। वास्तवमा ध्यान लागेपछि शरीर हलुका महशुस हुन्छ भने मनमा शान्ति छाउँछ। सही अर्थमा ध्यानबाट आनन्दको अनुभूति हुन्छ। जुनसुकै काममा पनि ध्यानस्थ हुने क्षमता विकास हुन्छ। भनिएको छ कि ध्यान आफ्नो लक्ष्य प्राप्तिको हुनु पर्दछ। आफूतिर नफर्की ध्यान हुँदैन। खोजेको आनन्द सम्बन्ध, सम्पत्ति, शान्ति, बुद्धि केमा हो सोही अनुसार ध्यान लगाउनुपर्दछ। ध्यानको अभ्यासमा हामीहरु बाहिरी जगतभन्दा पनि भित्री आकाशमा मन लगाउँछौं।

हामीभित्रको आकाश सच्चिनान्द स्वरुपमा छ। त्यसैले भनिएको होला निराकार मात्र पूर्ण छ। आकाशको सीमा नभएजस्तै निराकार पनि विस्तृत छ, पूर्ण छ। उपनिषद्मा उल्लेख भएको 'ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्ण मुदच्यते। पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥' ले इंगित गरेको पूर्णता अक्षुण छ, अर्थात् आकाशबाट आकाश घटाउँदा शेष पनि आकाश नै रहन्छ। यही पूर्णता प्राप्ति तर्फको अभ्यास हो ध्यान। ध्यानका लागि कुनै आसनमा बसेर आँखा चिम्लनु पर्दछ भन्ने छैन। जुन काममा संलग्न छौं त्यसैमा ध्यान लगाउनु पनि ध्यान नै हो।

विभिन्न आध्यात्मिक मार्गहरुले जीवन जिउनुको उद्देश्यलाई आफ्नै ढङ्गले व्याख्या गरेको पाइन्छ। जस्तो कि भगवान् शिवको भाषामा कैविल्य, महर्षि पतञ्जलीको भाषामा निर्विकल्प समाधी र बुद्धको भाषामा निर्वाण प्राप्ति। मानव जीवनको उद्देश्य भनेको दुःखबाट मुक्ति र परमानन्द प्राप्ति नै हो। जीवनको यही उद्देश्य प्राप्तिका लागि ऊर्जा आवश्यक पर्दछ र सो ऊर्जाको सिर्जना र उपयोगका लागि पनि ध्यान आवश्यक पर्दछ। त्यसो त समृद्धिको पूर्वाधार भनेको पनि जीवन ऊर्जा हो। शरीरमा ऊर्जाको कमी भयो भने समृद्धि प्राप्तिको विषय खोक्रो सावित हुन्छ।

ध्यान गरे पनि धन आर्जन गरे पनि आधारभूत विषय भनेको ऊर्जा हो। ऊर्जामा मूलतः तीनवटा पक्ष सँगसँगै रहन्छन्। पहिलो हो- शारीरिक शक्ति, जुन हामीमा कायम गर्दै मजबुत हुनुपर्ने हुन्छ। दोस्रो हो-मानसिक शक्ति जुन शक्ति विचार, इच्छाशक्ति र सन्तुलनका लागि आवश्यक छ। तेस्रो हो-भाव शक्ति जसबाट केही प्राप्ति भएको अनुभूति हुन्छ। यी तीनवटै शक्तिको जग भनेको चेतना शक्ति हो। हामीले बोलीचालीको भाषामा यसलाई 'होस' पनि भन्दछौं। चेतना जागृत गर्ने र प्रयोग गर्ने कला नै ध्यान हो।

**ध्यान गर्ने प्रक्रिया र पूर्व शर्त**

धेरैले आफ्नो काममा एकाग्रता भएन भन्छन्। एकाग्रता भनेको एउटा विषयमा ध्यान लगाउनु हो। एकाग्रता हुनु कुनै कामका लागि अनिवार्य त छ, तर पर्याप्त भने नहुन सक्छ। चेतना वा सजगता भने एकाग्रताभन्दा पनि उच्चस्तरको शक्ति हो। ध्यान सम्बन्धमा रचित गीतको लाइन 'साक्षीपूर्ण चेतनाले जाने जति ज्ञान भयो, प्रेमपूर्ण भावनाले छानेजति ध्यान भयो'बाट ध्यानका लागि चेतना र प्रेम सँगसँगै चाहिन्छ भन्ने बुझ्न सकिन्छ। ध्यानलाई आनन्द प्राप्तको माध्यम वा बाटो मान्ने हो भने बोध भनेको आनन्द प्राप्तिको अवस्था वा गन्तव्य हो। बोध भनेको वास्तविक योग तथा ध्यान अभ्यास मात्र नभई त्यो भन्दा पनि गहिरो विषय रहेछ। 'आफूप्रति सजग भई ध्यान गर्दैछु म, ध्यान प्रति सजग भई बोध गर्दैछु म' भन्ने जीवन विज्ञान सम्बन्धी गीतको लाइनबाट पनि बोध भनेको ध्यान गहिरिँदै जाँदा पुगिने चरण र नतिजा रहेछ भन्ने बुझिन्छ।

ध्यानका लागि आसनमा बस्दा पवित्रता, अभयता र सजगता यी तीन विषय ख्याल गर्नुपर्दछ। ध्यानका बखत आँखा खोल्दा अरुलाई देखिन्छ भने आँखा बन्द गरेपछि आफैँलाई देखिन्छ। ध्यान भनेकै भित्रबाट परिवर्तन गर्ने विधि हो। यसका माध्यमबाट जीवनमा सकारात्मकता, स्वस्थता र आनन्द प्राप्ति सम्भव हुन्छ। भनिन्छ कि सुख-दुःखका कारण हामी आफैं हो र ध्यान आफूतिर फर्काएर नयाँ दृष्टिकोणका साथ सरल समाधान खोज्ने विधि हो। त्यसै भनिएको हैन 'मनको ढोका खोलेर भित्र जाउँ, हृदयमा भेटिन्छ शान्त ठाउँ' भनेर। जसरी खाना खाँदा अघाइन्छ र सन्तुष्टि प्राप्त हुन्छ, त्यसैगरी ध्यानबाट आनन्द प्राप्ति हुन्छ। तर पवित्रता, अभयता र सजगताको त्रिवेणीमा निष्ठा र धैर्यतापूर्वक साधना गर्न जरुरी हुन्छ।

म भित्र के भइरहेको छ थाहा पाउन शुरु गर्नु ध्यानको पूर्व शर्त हो। ध्यानको ऊर्जाले नै ज्ञानको ऊर्जा सिर्जना गर्दछ। जे गर्न नी चेतना चाहिने र चेतनाको सहज प्राप्तिको बाटो नै ध्यान। चार अक्षरको शब्द सजगता ध्यानको पहिलो चरण हो यसले मनमा जे चलिरहेको छ थाहा पाउन मद्दत गर्दछ। सजगताका तीन गुण अहिले, अप्रतिक्रियात्मक र अध्ययन हुन्। सजगताका पाँच तह छन्। पहिलो सजगता श्वाशप्रति, दोस्रो शरीरप्रति, तेस्रो आत्मगुफाप्रति, चौथो गुरुप्रति र पाँचौं सजगता ईश्वरप्रति हुनुपर्दछ।

हामी ध्यान गर्दा आफैंले अनुभूत गर्दछौं, जबकि पुस्तक पढ्दा भने अरुको विचार पढिन्छ। ध्यानले जागेको ऊर्जालाई स्थिर बनाउँछ। जीवनमा सजगता टिकाउनका लागि पवित्रता आवश्यक पर्दछ। यसका लागि दिव्य नवब्रतको पालना आवश्यक पर्दछ। यदि यी नवब्रत मध्ये कुनै वा सबै कमजोर भयो भने सजगता तुहिन्छ वा चुहिन्छ। नौ वटा गुणहरु रहेको दिव्य नवब्रत सङ्कल्प साथसाथै पालनाको विषय पनि हो। ती गुणहरु भनेका सत्यता, स्वाध्याय, निहङ्कारिता, क्षमाशीलता, सर्वकल्याण भाव, सेवाभाव, मधुरवाणी, लक्ष्यसँग एकाकार र मुमुक्षा हुन्।

**ध्यानबाट बोधतिर**

बोध प्राप्तिका लागि ध्यान गरिरहँदा सजगताप्रति भन्दा मुख्य दुईपक्ष हुन सक्छन्- म कि अरु। अरुप्रतिको सजगतामा प्रेम जरुरी छ जहाँ भय रहँदैन। आफूप्रतिको सजगताका लागि स्वाध्याय आवश्यक पर्दछ जसको सरल अर्थ भनेकै आफ्नो अध्ययन हुन्छ। त्यस्तै आफूप्रतिको सजगता बढ्दै गयो भने ध्यान बोध बन्दछ। आफ्नो अध्ययन कसरी भन्ने प्रश्न उठ्न सक्छ। यसका दुई तरिका छन्। मेरो मन विचार कस्तो छ, राम्रा नराम्रा कस्ता कुरा खेल्छन् ? बानीव्यहोरा के छन् ? यो पहिले त आफैंले बुझ्न जरुरी छ।

दोस्रो पक्ष भनेको अरुप्रति गरिने व्यवहार हो। आफूलाई जुनसुकै व्यवहार गर्ने किन नहोस् अरुप्रति व्यवहार गर्दा प्रतिक्रिया व्यक्त नगरेर त्यस्तो व्यवहार किन गऱ्यो भन्ने पत्ता लगाउनु पनि स्वाध्याय हो। के बुझ्न जरुरी छ भने हामीलाई दुःखले जति सताएको छ, त्यो भन्दा बढी सुखले पनि सताएको छ। सुख पनि दुःखमा परिवर्तन हुन्छ। जस्तो कि आफूलाई माया गर्ने व्यक्तिको देहान्त भयो भने हामी दुःखी हुन्छौं। आफैंमा समाहित हुनुमात्र आनन्द हो, यो मात्र स्थायी रहन्छ। आममानिस दुई प्रकारका हुन्छन्। पहिलो बाहिरतिर खोज्ने अर्थात् सांसारिक र दोस्रो ध्यानी।

आफूप्रति सजग हुँदै गयो भने कुनै विन्दुमा पुग्दा शून्यता फेला पर्दछ, त्यहाँ दुःख हुँदैन न त सुख नै हुन्छ। भनिन्छ कि सजग व्यक्ति जीवन जिउन जान्ने व्यक्ति हो। सजगतापश्चात् फेला पर्ने शून्यता नै बोध हो। अकम्पको अनुभवलाई शून्यता पनि भनिन्छ। शून्यताका तीनगुणका रुपमा निर्विचार, निराकार र निःशब्द रहेका छन्। आँखा बन्दा गर्दा दुई आँखीभौँका बीचमा जे देखिन्छ त्यो नै आत्मगुफा हो। यसलाई आन्तरिक आकाश पनि भनिन्छ। शुरुमा पूरै अँध्यारो र क्रमशः उज्यालो देखिन्छ। यसरी देख्ने भनेकै शिव नेत्रले, तेस्रो आँखाले हो। यसैलाई वेदमा व्योमा भनिन्छ।

पुराणमा यसलाई बृन्दावन भनिन्छ भने शिवपुराणले कैलाश र मृगस्थली दुबै प्रयोग गरेको पाइन्छ। उपनिषदमा भने यसलाई अरण्य भनिन्छ। विज्ञानको जगत्मा यसलाई क्वान्टम फिल्ड, द युनिफाइड फिल्ड जस्ता शब्द प्रयोग हुन्छन्। आत्मगुफालाई सन्ध्या पनि भनिन्छ। आत्मगुफा भनेको हाम्रो असली परिचय हो अनि मभित्रको म हो। म कै आध्यात्मिक नाम आत्मगुफा हो। आत्मागुफालाई सुक्ष्म शरीर, देह पनि भनिन्छ। मृत्युपश्चात् पनि आत्मगुफा मर्दैन। 'आँखा छोपे अँध्यारो देखिन्छ, अँध्यारोमै मूल ज्योति भेटिन्छ' भने भैँ गहिरो साधनाबाट मात्र बोध प्राप्ति सम्भव हुन्छ।

**सेवाभाव र दृव्यदृष्टि प्राप्ती**

अपेक्षा इच्छा पनि दुःखको कारण हो। इच्छा कम गर्नका लागि इच्छा प्रतिको जागरुकता/सजगता आवश्यक हुन्छ। चाहना दुई किसिमको हुन सक्छ : निजी चाहना र परोपकारी चाहना। जब जगतको हित गर्न थालिन्छ, स्वार्थी चाहना हराउँछन्। त्यसैगरी वेदले इन्द्रीयलाई गो भन्दछ भने इन्द्रीय दानलाई गोदान भनेको छ। वास्तवमा गोदान भनेको इन्द्रीयलाई बसमा राख्ने विषय हो। ऊर्जाको सदुपयोगको विषय हो। मन स्थिर राख्न सकेमात्र ध्यान लाग्दछ, बोध प्राप्तितर्फ उन्मुख भइन्छ। बोध प्राप्त हुनु भनेको दिव्यदृष्टि हासिल हुनु पनि हो। सञ्जयले धृतराष्ट्रलाई कुरुक्षेत्रको घटना हस्तिनापुर बसेर सुनाउँदा पनि दिव्य तेस्रो आँखाको सहारा लिएका थिए। महर्षि व्यासले सञ्जयलाई सिकाएका थिए यो। दिव्यदृष्टिलाई तेस्रो नेत्र पनि भन्न सकिन्छ।

गुरुप्रतिको सगताको पनि विशेष महत्त्व हुन्छ। गुरु भनेको हृदयमा आकाश, मुस्कानमा बैकुण्ठ, बोलीमा वेद र पुराण धारी हुन्छन्। त्यस्तै गुरुका लागि शिष्य भनेका एकमात्र देवता, एकमात्र प्रेम, एकमात्र भविष्य र एकमात्र आशा हुन्। अर्कोतर्फ शिष्यले आफूसँग भएको लोभ, रिस, इर्ष्या, डर, तनाव, कुलत गुरुलाई अर्पण गर्दछ। त्यस्तै धनले किन्न नसकिने इमान्दारिता, समर्पण र निष्ठा पनि प्रकट गर्दछ। कसैले नलिने आँसु, अहङ्कार, असुरक्षा, अशान्ति पनि गुरुले लिन्छन्।

सत्यता, सेवाभाव, मधुरवाणी, मुस्कान भए गुरु खुशी हुन्छन्। गुरुप्रतिको सजगतालाई नित्यावतार पनि भनिन्छ। साधना र सेवामा सहकार्यबाट शक्ति उत्पन्न हुन्छ। सफल जीवनका लागि ध्यानको गहिराई र सेवाको उचाइ दुबै आवश्यक पर्दछ। ध्यानको समुद्र र सेवाको सगरमाथा भएमा कर्मसिद्धि र सफल जीवन सम्भव हुन्छ। अनुसन्धानले पुष्टि गरे अनुसार योग ध्यान गर्नेको स्मरण क्षमता नगर्नेको तुलनामा १४ गुणासम्म बढी भएको अनुसन्धानले देखाएको छ। त्यस्तै ध्यान गर्ने व्यक्तिलाई ४८ प्रकारका रोग त लाग्नै पाउँदैनन् टाढैबाट भाग्छन्।

**अन्त्यमा**

नेपाल योग र ध्यानका लागि उद्गम भूमि हो। धेरै शास्त्रहरुले नेपालमा आध्यात्मिक साधना गर्नका लागि थुप्रै ऋषिमुनिहरु, व्यक्तित्वहरुले समय खर्च गरेको हामी पढ्न पाउछौं, तर दुःखको कुरा अहिले विश्वस्तरको आरोग्य नक्साले भने नेपाललाई समेटेको छैन। नेपाल योग र ध्यानको जन्मभूमि हो। जसरी आफ्नो आमालाई कमजोर देख्नु हुँदैन, त्यसैगरी नेपालको यो बृहत् सम्भावनालाई आरोग्य पर्यटनको बृहत् अवधारणाअन्तर्गत सदुपयोग गर्नुपर्दछ। विगत १४ वर्षअघि स्थापना भएर सकृय रहेको जीवन विज्ञानका कार्यक्रम लोकप्रिय हुँदै गएका छन् भने अन्तर्राष्ट्रियस्तरको साधना केन्द्रका रुपमा धादिङको थाक्रे गाउँपालिकामा जीवन विज्ञान धाम पनि निर्माण हुँदैछ।

(लेखक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सहसचिव तथा प्रवक्ताका साथै योग साधनाका अनुयायी हुन्।)

# सामाजिक सञ्जालको दुरुपयोग रोक्न निर्वाचन आयोगको पहल

निर्वाचनमा सामाजिक सञ्जालबाट हुने निर्वाचन आचारसंहिता उल्लङ्घनको नियमन चुनौतीपूर्ण बन्दै आएको छ। मुलुकको विषम् स्थितिमा आगामी फागुन २१ का लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको दिन नजिकिँदै गर्दा यो विषय पेचिलो हुने देखिएको छ।


आसन्न निर्वाचनका लागि यही माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता भइसकेको छ। त्यस क्रममा मधेश प्रदेशको एक जिल्लामा कुनै एक पार्टीले छिमेकी भारतको बिहारबाट ल्याइएका भारतीय नम्बर प्लेटका गाडी प्रयोग गरिएको भनेर सामाजिक सञ्जालमा आलोचनाको विषय बन्यो।

ती तस्वीर कहिले र कुन जिल्लाको भन्ने विस्तृत विवरण बिना नै सञ्चालमा चर्चा भए पनि त्यसको पक्ष विपक्षमा मत अभिमत सार्वजनिक भइरहेका छन्। विदेशी सवारीसाधनको अनधिकृत प्रयोग मात्र होइन निर्वाचन प्रचारप्रसारका क्रममा सामाजिक सञ्जाल मार्फत उम्मेदवारको मानमर्दन हुने गरी नाराबाजी गरिएका दृश्य प्रसारण भइरहेका छन्।

उम्मेदवारी दर्ता गर्न जाँदा २५ जनाभन्दा बढी सहभागी हुन नहुने र तडकभडक गर्न नहुने निर्वाचन आचारसंहितालाई समेत धेरैजसो राजनीतिक दल र उम्मेदवारले उलङ्घन गरेको पाइएको छ। प्रचारप्रसारकै क्रममा दल र उम्मेदवारको झण्डा र ब्यानरसँगै बालबालिकाको प्रयोग भएका तस्वीर तथा भिडियो सामाजिक सञ्जालमा सम्प्रेषण भएको देख्न सकिन्छ।

मनोनयपत्र दर्ताकै क्रममा बहालवाला मुख्यमन्त्री उम्मेदवारसँगै निर्वाचन अधिकृतको कार्यालयमा सहभागी भएको विषयमा निर्वाचन आयोगले स्पष्टीकरण नै सोधेको थियो। यसबीचमा कतिपय दल र उम्मेदवारले आफ्नो प्रचारका क्रममा राष्ट्रिय झण्डाको प्रयोग समेत गरेका छन्। यसलाई राष्ट्रिय झण्डाको दुरुपयोग गरियो भनेर आलोचना समेत भइरहेको छ।

आयोगले भने आचारसंहिता पालना र समाजिक सञ्जाल मार्फत भ्रम फैलाउने गरी हुने प्रचारप्रसारको सूक्ष्म निगरानी भइरहेको जनाएको छ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनका समयमा प्रवाह हुने मिथ्या, भ्रामक सूचना,




घृणास्पद अभिव्यक्ति निरुत्साहित र नियन्त्रण गर्न प्रभावकारी अनुगमन हुने बताए।

उनले वि.सं. २०७९ को निर्वाचनमा पनि निर्वाचन आयोगले सम्बद्ध निकायको सहयोग र सामाजिक सञ्जाल सञ्चालकका प्रतिनिधिमार्फत विशेष पहल गरेको स्मरण गर्दै यसपटक त्यसलाई थप प्रभावकारी बनाइने बताए। एआई लगायत प्रविधिको प्रयोग गरेर सामाजिक सञ्जालका माध्यमबाट विपक्षीको चरित्र हत्या र नागरिकमाझ भ्रामक सूचना प्रसार गर्ने प्रयासलाई रोकिने र यसमा सम्बद्ध सबै पक्षको सहयोग आवश्यक रहेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ छ।

निर्वाचन आयोगका अनुसार विद्युतीय सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा पछिल्लो हप्ता फेला परेका आठ वटा हानिकारक सूचना सम्प्रेषण गर्नेलाई कानून बमोजिम कारबाही गर्न प्रेस काउन्सिल नेपाल, नेपाल प्रहरीको साइबर ब्युरो र आयोगको केन्द्रीय निर्वाचन आचारसंहिता अनुमगन समितिमा पठाएको छ। निर्वाचनमा सामाजिक सञ्जालको प्रयोगबाट हुने मिथ्या र भ्रामक सूचना तथा द्वेषपूर्ण अभिव्यक्ति नियन्त्रण र नियमनका लागि आयोगले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक कम्पनीसँगको सहकार्यलाई प्राथमिकतामा राखेको छ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार हानिकारक सूचना अन्तर्गत पर्ने गलत, भ्रामक सूचना र गालीगलौजयुक्त अभिव्यक्तिले निर्वाचनको स्वच्छता र निष्पक्षतामा नकारात्मक असर पार्ने भएकाले त्यस्ता सूचनालाई नियन्त्रण तथा नियमनका लागि पहल भइरहेको छ।

यसका लागि नियामक निकायसँग समन्वय र सहजीकरण गर्न आयोगले स्थापना गरेको सूचना सदाचार प्रवर्द्धन एकाइ पूर्णरूपमा क्रियाशील रहेको उनले जानकारी दिए। उक्त एकाइको कार्यदक्षता बढाउन संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा 'इ-मनिटरिङ प्लस' सफ्टवेयर प्रणाली प्रयोगमा ल्याइएको छ भने सो प्रणाली प्रयोगका लागि कर्मचारीको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ।

आयोगले निर्वाचन आचारसंहिता, २०८२ प्रतिकूलका यस्ता गतिविधि निर्वाचनको दिन नजिकिँदै गर्दा अझ बढ्न सक्ने स्थिति देखापरेको भन्दै सचेत रहन सबैलाई आग्रहसमेत गरेको छ। आयोगले आगामी फागुन ४ गतेदेखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसारका लागि समय निर्धारण गरेको छ। निर्वाचनका लागि यही माघ १० गते निर्वाचन चिन्ह प्रदान भइसकेकाले घरदैलो र भेटघाट गर्न भने दल र उम्मेदवारलाई कुनै बाधा छैन। तोकिएको प्रचार अवधि बाहेक अन्य समयमा आमसभा, ऱ्याली र ठूला कार्यक्रम गर्न भने निर्वाचन आचारसंहिताले रोकेको छ।

आयोगका साथै निर्वाचनमा डिजिटल माध्यम निगरानी गर्न नेपाल प्रहरीको साइबर ब्युरोलाई प्रभावकारी रूपमा परिचालन गर्न गृह मन्त्रालयले पत्राचार गरेको छ। डिजिटल प्लेटफर्मको दुरुपयोग गरी अफवाह फैलिन नदिन संयन्त्र परिचालनका लागि गृह मन्त्रालयले सचेत गर्दै आएको छ।

गृहमन्त्री ओमप्रकाश अर्यालले समेत भोटाहिटीस्थित साइबर ब्युरोको कार्यालयमा पुगेर यस विषयमा अनुमगमन र निर्देशन दिएका छन्। ब्युरोले निर्वाचनसँग सम्बन्धित साइबर गतिविधिहरूको निगरानी, विश्लेषण गरी आवश्यक कारबाहीका लागि निर्देशन, सिफारिस तथा अनुसन्धान गर्न सक्ने कार्यादेश तोकिएको छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** समय मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्या हुनसक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा भए पनि सफलता मिल्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** बुद्धिको उपयोगले धन आर्जन गर्ने समय छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** दिन शुभ रहेको छ, आयआर्जनमा मनग्गे नाफा हुने समय आएको छ । खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा लाभदायक योग छ, अकस्मात धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय सामान्य रहेको छ, काम सफलता हुँदा मन खुशी रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक काममा मन जानेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** व्यापार-व्यवसायमा नाफामूलक योग रहेको छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** आज प्रियजनसँग भेट हुने समय छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ, पारिवारिक भेला तथा लामो दुरीको यात्रा हुनसक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय आएको छ, दाम्पत्य जीवन शुखी रहने छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** आज समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी हुनेछ, परिवारजन बिमुख हुने छन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** सुख र धनको प्राप्ती हुनेछ, मान-प्रतिष्ठा बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनाले मन हर्षित रहला ।

मिति २०८२/१०/१२ सोमबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३०,१९००/-
चाँदी
प्रति तोला
रु. ६२०५/-

# झापामा ५५ जना नयाँ कुष्ठरोगी फेला

**बनियानी, माघ १२।** झापामा पछिल्लो छ महिनाका अवधिमा ५५ नयाँ कुष्ठरोगी फेला परेका छन् ।

चालू आर्थिक वर्ष २०८२/०८३ को पुस मसान्तसम्म एक बालबालिकासहित ५५ नयाँ कुष्ठरोगी फेला परेको स्वास्थ्य कार्यालय झापाका कुष्ठरोग फोकल पर्सन वीरेन्द्र दासले जानकारी दिए । उनका अनुसार जिल्लाका १५ वटा पालिका मध्ये सबैभन्दा धेरै दमक नगरपालिका र कचनकबल गाउँपालिकामा १२/१२ नयाँ कुष्ठरोगी फेला परेका छन् ।

त्यस्तै, मेचीनगर नगरपालिकामा तीन जना, बुद्धशान्ति गाउँपालिकामा दुई जना, शिवसताक्षी नगरपालिकामा पाँच जना, गौरादह नगरपालिका र गौरीगञ्ज गाउँपालिकामा दुई/दुईजना, बाह्रदशी गाउँपालिका र बिर्तामोड नगरपालिकामा पाँच/पाँच जना र भद्रपुर नगरपालिकामा चार जना नयाँ कुष्टरोगी फेला परेका छन् । चालू आर्थिक वर्षमा ५३ कुष्ठरोगीले उपचार समेत पाएको फोकल पर्सन दासले बताए ।

पछिल्लो पाँच वर्षको तथ्याङ्क हेर्दा झापा जिल्लामा नयाँ कुष्ठरोगी फेला पर्ने संख्या बढ्दै गएको देखिन्छ । जिल्लामा गत आर्थिक वर्ष २०७७/०७८ मा ९५ जना कुष्ठरोगी फेला परेका थिए भने आर्थिक वर्ष २०७८/०७९ मा एक सय २१, आव २०७९/०८० मा एक सय ५७, आव २०८०/०८१ मा एक सय २१ र २०८०/०८१ मा एक सय ४७ नयाँ कुष्ठरोगी फेला परेको कार्यालयले जनाएको छ । तथ्याङ्कको आधारमा हेर्दा २०७७/०७८ मा सङ्क्रमण दर १.०२ प्रतिशतबाट आव २०८०/०८१ मा आइपुग्दा १.४७% पुगेको देखिन्छ ।

विश्वमा बर्सेनि झण्डै दुई लाख नेपालमा बर्सेनि करिब दुई हजार पाँच सय नयाँ कुष्ठरोगी फेला पर्ने गरेको फोकल पर्सन दास बताउँछन् । चिन्ह र लक्षणको आधारमा कुष्ठरोग दुई प्रकारको हुने उनले बताए ।

'कम सर्ने खालको कुष्ठरोग र सर्ने खालको कुष्ठरोग हुन्छ' -उनले भने- 'बहु-औषधि उपचार पद्धतिद्वारा छ देखि १२ महिनाको अवधिसम्म तीन प्रकारका औषधिको प्रयोगबाट कुष्ठरोग निको हुन्छ र समयमै कुष्ठरोगको उपचार भएमा अपाङ्गता पनि हुँदैन ।' सामाजिक अवहेलनाको डरले गाउँघरमा अझै पनि धेरै कुष्ठरोगी लुकेर रहेकाले सूक्ष्मरुपमा खोजपतड्ला गर्नुपर्ने उनको भनाइ छ ।

## अन्तरपालिका यु-१८ फुटबल शुरु

**अर्जुनधारा, पुस १२।** लागूऔषधबिरुद्ध युवा खेलाडीहरुको प्रबर्द्धन गर्ने उद्देश्यले अर्जुनधारा नगरपालिकामा आइतबारदेखि अन्तरपालिका यु-१८ नकआउट फुटबल प्रतियोगिता-२०८२ शुरु भएको छ ।

अर्जुनधारा-८ स्थित शनिश्चरे फुटबल क्लवको आयोजना र अर्जुनधारा नगर खेलकुद विकास समितिको सहआयोजनामा अर्जुनधारा-७ स्थित अर्जुनधारा खेलमैदानमा शसुरु भएको उक्त प्रतियोगिताको कार्यक्रमका प्रमुख अतिथि झापा ११ फुटबल क्लवका अध्यक्ष जलकुमार गुरुङले उद्घाटन गरेका थिए ।

प्रतियोगितामा अर्जुनधारा नगरपालिकासहित कनकाई नगरपालिका, बिर्तामोड नगरपालिका, भद्रपुर नगरपालिका, मेचीनगर नगरपालिका, शिवसताक्षी नगरपालिका, कमल गाँउपालिका, बाह्रदशी गाँउपालिका र बुद्धशान्ति गाँउपालिकाको सहभागिता रहेको छ । यही माघ १९ गते फाइनल रहेको प्रतियोगिताको विजेता र उपविजेता टिमले नगद पुरस्कार क्रमशः एक लाख र ५० हजारसहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गर्ने छन् ।

आयोजक क्लवका सल्लाहकार एवम् खेल संयोजक टेकराज तिलिङको अध्यक्षतामा आयोजित कार्यक्रममा एवान डान्स एकाडेमीका कलाकारहरुले स्वागत नृत्य प्रस्तुत गरेका थिए । अर्जुनधारा नगर खेलकुद विकास समितिका सदस्य सचिव खगेन्द्र लिङदेनले स्वागत गरेको प्रतियोगिता उद्घाटन कार्यक्रमको सञ्चालन सञ्चारकर्मी दिपक ढुंगानाले गरेका थिए ।

त्यसैगरी सोही दिन सम्पन्न भएको उद्घाटन खेलमा बिर्तामोड नगरपालिकालाई टाइब्रेकरमा ५-३ गोल अन्तरले पराजित गर्दै कमल गाँउपालिका विजयी भएको छ । निर्धारित समयमा दुबै टिमबाट २-२को बराबरीमा खेल सम्पन्न भएपछि खेलको निर्णय टाइब्रेकरबाट गरिएको थियो । खेलमा बिर्तामोडको लागि खेलको तेस्रो र २७औं मिनेटमा क्रमश शिव कार्की र आयुष दुतराजले तथा कमलको लागि खेलको ४५औं र ५०औं मिनेटमा प्रकरण राईले दुबै गोल गरेका थिए ।

उद्घाटन खेलको उत्कृष्ट खेलाडी विजेता टिमका प्रकरण राई भएका थिए । उनलाई अर्जुनधारा-७ का वडाध्यक्ष गोविन्दप्रसाद खतिवडा, अर्जुनधारा नगर खेलकुद विकास समितिका अध्यक्ष सुरेन्द्रबहादुर धिमाल, निर्माण व्यवसायी मिलन बस्नेत लगायतले नगद पुरस्कार दुई हजार पाँच सयसहित ट्रफी प्रदान गरेका थिए ।

## माछापालनबाट आत्मनिर्भर बन्दै शैलेन्द्र



**भद्रपुर, माघ १२।** विदेश जानु नै सफलता हो भन्ने आम बुझाइकाबीच हल्दीबारी-४ जलथलका शैलेन्द्र सिटौलाले भने विदेशबाट फर्किएर नेपालकै माटोमा पसिना बगाउँदा आत्मसन्तुष्टि र आर्थिक उन्नति दुवै सम्भव छ भन्ने उदाहरण प्रस्तुत गरेका छन् ।

स्नातक तहको अध्ययन सकेपछि सन् २०१५ मा भिजिट भिसामा संयुक्त अरब इमिरेट्स (यूएई)को दुबई पुगेका शैलेन्द्र त्यहाँ एक वर्ष पनि टिकेनन् । मरुभूमिको देशमा सीमित पानी र प्रतिकूल वातावरण हुँदाहुँदै पनि आधुनिक प्रविधिको प्रयोग गरेर कृषि र पशुपालन सफलतापूर्वक गरिएको देखेपछि उनको सोच बद.लियो ।

वि.सं.२०७४ मा नेपाल फर्किएपछि शैलेन्द्रले हल्दीबारीमा दुई विगाह क्षेत्रफलमा माछापालन शुरु गरे । शुरुवातमा करिब १० लाख रुपैयाँ लगानी गरी पोखरी, तटबन्ध लगायतका संरचना निर्माण गरे । हाल उनका पाँच वटा पोखरी छन्, जहाँ व्यावसायिक रूपमा माछापालन भइरहेको छ । उनको फार्ममा मुख्यतया: पंगास जातका माछा पालिन्छन् । साथै केही मात्रामा कार्प प्रजातिका माछा पनि छन् । साना पोखरी भने माछाको भुरा उत्पादनका लागि छुट्टै राखिएको छ । हाल उनको पोखरीमा करिब ३५ हजार भुरा छन् ।

बजारमा बिक्रीका लागि तयार माछा एक केजीदेखि अढाई केजीसम्मका छन् । वार्षिक रूपमा करिब ३० टन माछा बजारमा पठाउने गरेको शैलेन्द्र बताउँछन् । माछापालन मार्फत उनले तीन जनालाई प्रत्यक्ष रोजगारी दिएका छन् । खर्च कटाएर वार्षिक १६ लाख रुपैयाँभन्दा बढी आम्दानी हुने गरेको उनको भनाइ छ । कुल लगानीको करिब २० प्रतिशत नाफा लिन सकिएको छ । शुरुवातदेखि नै माछापालन व्यवसाय राम्रो चलिरहेको शैलेन्द्रको अनुभव छ ।

यद्यपि सफलतासँगै चुनौती पनि कम छैनन् । उनका अनुसार किसानबाट माछा प्रतिकेजी दुई सय ४० रुपैयाँमा किनिन्छ, तर त्यही माछा बजारमा तीन सयदेखि तीन सय ५० रुपैयाँसम्ममा बिक्री हुन्छ । मुख्य बजार विर्तामोडस्थित कृषि थोक बजार भए पनि किसानको पहुँच र प्रभाव सीमित रहेको उनको भनाइ छ ।

# सम्झनामा ताराप्रसाद खनाल




ताराप्रसाद खनालको जन्म इलाम जिल्लाको हालको देउमाई नगरपालिका-४ मा वि.सं. २००६ पुस २ गतेका दिन भएको थियो । जन्मस्थानमा नै आफ्ना पिता स्व. भीमप्रसाद खनाल तथा माता स्व. इन्द्रछाया खनालको लाडप्यार, स्याहारसुसारमा व्यतीत भएको थियो ।

बाल्यकाल व्यतीतपछि ५ वर्षको उमेरदेखि नै हालको भानुभक्त मावि (तत्कालीन प्रा.वि)मा अध्ययन कार्यारम्भ भई कक्षा ८ अध्ययन गरेपछि कक्षा ९ झापा जिल्लाको हालको कनकाई नगरपालिका अन्तर्गत रहेको आदर्श मावि घैलाडुब्बाबाट कक्षा ९ पढी सकेर परीक्षा उत्तीर्ण गरेपछि के विचार आयो र पुनः भानुभक्त मावि इलाम मंगलबारेमा नै फर्किएका हुन् ।

त्यही मंगलबारेमा कक्षा दश अध्ययन पूरा गरेर वि.सं. २०२६ सालको एलएलसी परीक्षामा सामेल भई उत्तीर्ण भएका सबै कागजात तथा प्रमाणपत्रले बताउँछ । एसएलसी परीक्षा दिइसकेपछि पुनः झापातिरै झरेर निजी अध्यापन कार्य गर्दागर्दै हालको सरस्वती मावि जामुनबारीमा निजी शिक्षकका रुपमा अध्यापन कार्यारम्भ गरेका थिए । पछि झापा जिल्लामा नयाँ शिक्षा लागू भएपछि जिल्ला शिक्षा कार्यालय झापाले उनलाई कनकाई मावि सुरुङ्गामा सरुवा गरी दियो ।

त्यस समयमा एसएलसी उत्तीर्ण शिक्षकको अभाव भएकै कारणले हो भन्ने महशुस गरी सबैको चित्त बुझाउन बाध्य हुनुपरेको थियो । नत्र त्यति भलाद्मी, मृदुभाषी कुशल शिक्षक पाउँदा कनकाई मावि सुरुङ्गाका विद्यार्थीहरु तथा अभिभावक साथै अन्य शिक्षकहरु प्रफुल्लित हुनु स्वाभाविकै थियो ।

केही समय त्यहाँ अध्यापन कार्य गरेपछि विद्यालयबाट अवैतनिक विदा लिएर धनकुटा गए, २ वर्षे आईएड (शिक्षा शास्त्र) उत्तीर्ण गरी सोही कनकाई माविमा नै आजीवन एक कुशल शिक्षकका रुपमा सेवा गरेपछि उमेरको हिसाबले ६० वर्ष पूरा गरे । स्व. ताराप्रासद खनालले निवृत्त जीवन व्यतीत गरिरहेको अवस्थामा पनि चुप लागेर बसेका थिएनन् । कहिले मानवअधिकार तथा मध्यस्थता समितिको अध्यक्ष विभिन्न पदमा र कहिले सडक आदि निर्माण कार्य गर्दागर्दै प्रजातन्त्रको स्थापनापछि उल्लेखित समितिहरु निष्क्रिय भएको हुँदा स्थानीय सरस्वती माविको सञ्चालक समितिको अध्यक्ष पद उनैले पाएका थिए ।

कार्यकुशलताका साथ सञ्चालन गरिरहेकै बेला अर्बुद जस्तो घातक रोगले समातेछ र भक्तपुरको क्यान्सर अस्पतालमा जाँचबुझ गराउँदा विभिन्न बहाना बनाउँदै पुनः बल्झन सक्ने कारण देखाएपछि भारतको राजधानी दिल्लीस्थित राजीवन गान्धी हस्पिटलमा रिफर गरिदिएछ । त्यही अपरेशन गरेको केही दिनपछि घरमा आएर विद्यालयका अध्यक्ष पद सम्हाल्दै रहेको बेला केही असजिलो भई जचाउँदा मेरुदण्डको तल्लो भागमा केही समस्या देखिएछ ।

स्थानीय बिएण्डसी हस्पिटल बिर्तामोडको पूर्वाञ्चल अस्पतालमा उपचारार्थ गरेकै समयमा सो अस्पतालका अर्बुद रोगका विशेषज्ञ डाक्टरले मेरुदण्डको माथिल्लो भाग गर्धनको छेउमा मेरुदण्डको हड्डी फुटाउन धेरै प्रयासपछि त्यहाँ देखिएको कालो दाग त निकालिदिए होला तर ज्यादै निर्मम र निर्दयी तरिकाले छिनो र मार्तलको प्रयोग गरी हड्डी फुटाएकै दिनदेखि खुट्टाको गति बन्द भएर हिँडदै भएन ।

पछि फेरि उही बिएण्डसी अस्पतालमै लगेर चार रात राखेर विदा त दियो तर अरु आफन्त चिनजातका व्यक्तिले डाक्टरसँग सम्पर्क गर्दा आफ्नै कुरा माथि पारेकाले क्याबिनमा राखेर घरमा ल्याएपछि उसले दिएको औषधि सेवन गर्दा पनि दिन-प्रतिदिन अवस्था गम्भीर हुँदै गएर आखिरमा मिति २०८२ माघ ८ गतेका दिन दिनको ११:४० मिनेट जाँदा भाइ ताराप्रसादले यो संसारबाट सधैँका लागि विदा लिए ।

हामी आफन्त, सम्पूर्ण खनाल परिवार शोकमग्न भएका छौं । उनको आत्माको शान्तिपूर्वक सायुज्यमा बस्ने अवसर पाओस् भन्ने हाम्रो कामनाका साथ श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै आफन्तजनलाई धैर्यधारण गर्ने शक्ति पनि उनै सर्वव्यापी भगवान नारायणबाट प्राप्त होस् ।

**प्रस्तुति : दाजु देवीप्रसाद खनाल**

**सच्याइएको,**

मिति २०८२ माघ १२ गते सोमबार पूर्वाञ्चल दैनिक अंक ७० पृष्ठ २ र ३ मा प्रकाशित **झापाका ५ वटै क्षेत्रका उम्मेदवारको अन्तिम नामावली र चुनाव चिन्ह** शिर्षकमा प्रकाशित विवरणमा **झापा क्षेत्र नं. २ कि उम्मेदवार इन्दिरा राना मगरको राजनीतिक दलको नाम राष्ट्रिय स्वतन्त्र पार्टी** हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ । स.


**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
**एल. बि. आर्ट**
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००, ९८१६०४९८००

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
**कालिका डेरी,**
कृषिथोक पूर्वगेट बिर्तामोड, फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**UAE मा रोजगारीको अवसर**
United International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com


**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED



गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई** सम्झनुहोस् । **हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।**
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**UPVC झ्याल ढोका**

टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला ।
साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४५००३

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
**सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.**
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*

सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

**भद्रपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा कोशी प्रदेश, नेपाल
**हकदावी गर्ने सम्बन्धी १५ दिने सूचना**
भद्रपुर नगरपालिका वार्ड नं. ६ बस्ने रुबिना घोषको नाममा दर्ता कायम रहेको साविक भद्रपुर-८ हाल भद्रपुर न.पा. वा.नं. ६ को कि.नं. १९१ को व.मि. ५०८.०० जग्गामा भवन निर्माण गर्न नक्सा पास गरी पाउँ भनी नक्सासहित निवेदन पेश भई सँधियारको नाममा सूचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा पश्चिमतर्फको सँधियार श्री देवी पुरी र दक्षिणतर्फको सँधियार गौरी सुब्बा सरजमिन स्थलमा अनुपस्थित नहुनु भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) बमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस विषयमा तपाईको कुनै किसिमको दाबी विरोध भए १५ दिनभित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगर कार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला म्यादभित्र दाबी बिरोध नभए नियमानुसार भई जाने व्यहोरा जानकारी गराइन्छ ।